# नेपाल सरकार
## महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
### महिला सशक्तिकरण महाशाखा
(तथ्याङ्क विश्लेषण तथा प्रकाशन शाखा)

मिति : २०८२/०९/०१

**"सशक्तीकरण" जर्नल २९औं अङ्कको लागि लेख रचना उपलब्ध गराउनेसम्बन्धी सूचना ।**

यस मन्त्रालयबाट वार्षिकरूपमा आफ्नो कार्यक्षेत्रभित्र पर्ने महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यकसम्बन्धी विषयका लेख रचनाहरु समेटेर **"सशक्तीकरण"** जर्नल प्रकाशन गर्दै आइरहेको हुँदा यस वर्ष पनि आफ्ना लेख रचना प्रकाशित गराउन चाहनु हुने विद्वान लेखक महानुभावहरूबाट उल्लिखित विषयमा तपशिल बमोजिमका बुँदाको अधीनमा रही मिति २०८२ साल पौष मसान्तभित्र लेख रचना आव्हान गरिन्छ ।

**बुँदा**

१. लेख रचनाहरु मन्त्रालयको कार्यक्षेत्रभित्रका विषयमा हुनुपर्नेछ ।

२. लेख रचना कम्तिमा २५०० देखि अधिकतम ३५०० शब्दसम्ममा समेट्नेगरी तयार गरेको हुनुपर्नेछ ।

३. लेख रचनाको भाषा नेपाली वा अंग्रेजीमध्ये कुनै एक हुनुपर्नेछ र नेपालीमा भए फन्ट कालीमाटीको युनिकोड तथा साईज ११ प्वाइन्ट र अंग्रेजीमा भए Times New Roman तथा Size 12 Points मा टाइप गरी तोकिएको समयभित्र यस मन्त्रालयको तथ्याङ्क विश्लेषण तथा प्रकाशन शाखामा (सफ्टकपी stat@mowcsc.gov.np मा समेत) उपलब्ध गराउनु पर्नेछ ।प्राप्त लेख रचनामा सम्पादक मण्डलबाट राय/सुझाव आएमा सो समेत समावेश गरी पुनः पठाउनु पर्नेछ ।

४. लेखकले आफ्ना लेख रचनामा उल्लेख गर्नुपर्ने विषयहरू पृष्ठभूमि, मूल विषयवस्तु/विश्लेषण, निष्कर्ष र सन्दर्भ सामग्री सूची (बढीमा १० वटा) उल्लेख भएको हुनुपर्नेछ । सन्दर्भ सामग्री सूचीका रूपमा उल्लेख गरिएका कृतिको ढाँचा APA Format मा हुनुपर्नेछ ।

५. लेख रचना तोकिएको ढाँचामा र मन्त्रालयको कार्यक्षेत्रभित्र पर्ने विषयमा मौलिक, अनुसन्धानमूलक र ज्ञानवर्द्धक हुनुपर्नेछ । तथ्याङ्कमा आधारित विश्लेषणात्मक लेख रचनालाई पहिलो प्राथमिकता दिइनेछ ।

६. भाषिक तथा व्याकरणीय शुद्धता कायम गर्नुपर्नेछ ।

७. लेख रचना अन्यत्र प्रकाशन नभएको हुनुपर्नेछ ।

८. प्राप्त लेख/रचनाहरु सम्पादन गर्ने र प्रकाशन गर्ने वा नगर्ने सम्बन्धी अन्तिम अधिकार सम्पादक मण्डलमा निहित रहनेछ ।

९. प्रकाशित लेख रचनाका लागि नेपाल सरकारको स्वीकृत मापदण्डअनुसार पारिश्रमिक उपलब्ध गराइनेछ ।

१०. लेख रचनाकासाथ लेखकले आफ्नो तस्विर, ईमेल र फोन नम्वर समेत उपलब्ध गराउनु पर्नेछ ।


थप जानकारीका लागि

तथ्याङ्क विश्लेषण तथा प्रकाशन शाखा

वेवसाइट : www.mowcsc.gov.np

ईमेल : stat@mowcsc.gov.np, फोन नं. : ०१-४२११११९०